दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३०५ | बुटवल | २०८२ कात्तिक २९ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday November 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## आज बुटवलमा एमालेको जनसभा

बुटवल। नेकपा (एमाले), रुपन्देहीले शनिबार बुटवलमा आमसभा गर्दैछ। जनप्रदर्शन तथा आमसभाको सम्पूर्ण तयारी पूरा गरेको एमालेले जनाएको छ।

एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेका अनुसार रुपन्देहीका १६ वटै स्थानीय तहबाट ठूलो संख्यामा कार्यकर्ता, समर्थक र आम नागरिकको उत्साहजनक सहभागितामा आमसभा हुनेछ। लोकतन्त्र र संविधानको रक्षा, तथा जेनजी समुदायका माग सम्बोधनका एजेण्डासहित आयोजना गरिने जनसभालाई ऐतिहासिक बनाउने उद्देश्यसहित सबै तयारी पूरा गरिएको उनले जनाए।

राजमार्ग चौराहाबाट सुरु हुने मार्चपाससहितको ऱ्याली बुटवलको ट्राफिकचोकमा पुगेर सभामा परिणत हुनेछ। पार्टीका विभिन्न कमिटी, जनवर्गीय संगठन र स्थानीय संरचनाहरूलाई आवश्यक जिम्मेवारी तोकिएको छ। हालसम्म तयारीका लागि आयोजित भेला र बैठकहरू सम्पन्न भइसकेका छन्।

जनसंगठन समन्वय समिति रुपन्देहीका प्रमुख बाबुराम पन्थीले पार्टीका २३ वटै जनवर्गीय संगठनले त्यस दिनको जनप्रदर्शन र सभामा उत्साहपूर्ण सहभागिता जनाउने बताए। सभामा पार्टीका विभिन्न नेताहरूले सम्बोधन गर्नेछन्।

## मतदाता नामावली दर्ताका लागि पाँच दिन थप

बुटवल। निर्वाचन आयोगले मतदाता नामावली दर्ताका लागि पाँच दिन समय थपेको छ। आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै आयोगले मतदाता नामावली दर्ता कार्य सञ्चालन गरिरहेको छ।

यसअघि आयोगले कात्तिक ३० गतेसम्म मात्र दर्ता खुला रहने निर्णय गरेको थियो। अब मंसिर ५ गतेसम्म मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था गरिएको छ।

प्रधानमन्त्री सुशीला कार्कीले मतदाता नामावलीमा नाम दर्ता गर्ने समय थप गर्न आयोगलाई आग्रह गरेकी थिइन्। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामसाद भण्डारीसँग कुराकानी गर्दै कार्कीले म्याद थपका लागि आग्रह गरेकी थिइन्।

राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने भएपछि बिहीबारबाट अनलाइनबाट नाम दर्ता गराउनेको उच्च चाप देखिएको छ।

## नयाँ समीकरणको प्रयास

बुटवल। नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियान र शुक्रबार मात्रै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोडेका सचिवालय सदस्य सन्तोष परियारबिच ५ बुँदे सहमति भएको छ। हस्ताक्षर समारोहमा नेसपा नयाँ शक्तिका डा.बाबुराम भट्टराई, प्रगतिशील राष्ट्रिय अभियानका नेता जनार्दन शर्मालगायत सहभागी छन्।

'देशको गम्भीर अर्थ-राजनीतिक संकट, भ्रष्टाचार, नातावाद, बेरोजगारी र राजनीतिक पार्टीहरूमा देखिएको व्यापक भ्रष्टीकरणविरुद्ध भएको जेनजी आन्दोलनको पृष्ठभूमिमा चुनौतीपूर्ण ऐतिहासिक कार्यभार पूरा गर्दै राष्ट्रिय राजनीतिको अग्रगामी निकास दिने र नेपाली राजनीतिको समग्र पुनर्संरचना गर्ने लक्षका साथ नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियान र प्रतिनिधिसभाका निवर्तमान सदस्य सन्तोष परियारबिच सहमति सम्पन्न भएको छ।'

# 'ट्रंकलाइन' विवादमा उद्योगीले गुहारे प्रधानमन्त्री



लुम्बिनी संवाददाता

*बुटवल*

ऊर्जामन्त्री कुलमान घिसिङले १७ कात्तिकमा नेपाल उद्योग वाणिज्य महासंघ र सरकारबिच भएको सहमति कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयले दिएको निर्देशन पालना नगरी उल्टै दुष्प्रचार गरेको भन्दै पीडित उद्योगीले प्रधानमन्त्री गुहारेका छन्।

'डेडिकेटेड' बक्यौता विवादमा बक्यौता रकमको २८ किस्ताको एक किस्ताबापत रकम धरौटी बापत नेपाल विद्युत् प्राधिकरणले स्वीकार्ने र त्यसपछि प्रशासकीय पुनरावलोकन समिति ब्युँताउने सहमति प्रधानमन्त्रीसँग भएपछि आफूहरूले त्यसअनुसार धरौटी जम्मा गरेको, तर ऊर्जा मन्त्रालय र प्राधिकरणले त्यो पालना नगरेको भन्दै उद्योगीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन्।

निजी क्षेत्रसँग भएको सहमतिपछि प्रधानमन्त्री कार्कीले विद्युत् महसुल विवादसम्बन्धी प्रशासकीय पुनरावलोकन समिति ब्युँताउन ऊर्जा मन्त्रालय समक्ष गरेको पहललाई पीडित तथा प्रताडित उद्योगी समूहले स्वागत गरेको छ।

'नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको २१ बैशाख २०८२ को निर्णयबाट उद्योगलाई प्रशासकीय पुनरावलोकनका लागि धरौटी राख्ने निवेदन दिने अवसर प्रदान गरेकोमा त्यस्तो पुनरावेदन विचाराधीन नै रहेको अवस्थामा १० असोज २०८२ को सञ्चालक समितिले पुनर्निर्णय गरी भइरहेको पुनरावलोकन प्रक्रिया नै खारेज गरिदिएको थियो,' उद्योगी समूहले भनेको छ-'त्यो प्रक्रिया पुनर्जीवित गर्न प्रधानमन्त्रीले दिएको निर्देशनलाई उर्जा मन्त्रालयले अहिलेसम्म कार्यान्वयन गरेको छैन, अर्थात् अहिलेसम्म प्रशासकीय पुनरावलोकन समिति ब्युँतिएको छैन, पुनरावलोकन समिति पुनर्जीवित गरिदिन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आग्रह गर्दछौं।'

प्रधानमन्त्री कार्कीले प्रशासकीय पुनरावलोकन समिति ब्युँताउने वाचा गरेपछि आफूहरूले धरौटी बापत रकम बुझाएको, तर त्यो प्रक्रिया नब्युँतिएपछि आफूहरू चिन्तित रहेको उद्योगीहरूको भनाइ छ।

सरकारसँग भएको सहमति अनुरूप पुनरावलोकन प्रक्रिया ब्युँताउनुपर्नेमा ऊर्जामन्त्री घिसिङ उल्टै भ्रामक टिप्पणी गर्दै हिँडेको उद्योगीहरूको आरोप छ।

'हामीले खाँदै नखाएको विष लागेको अवस्था छ, अर्थात् बाल्दै नबालेको बिजुलीको अतिरिक्त महसुल प्राधिकरणले लिन खोजेको छ, अहिले पनि उर्जामन्त्री घिसिङले सामाजिक सञ्जाल फेसबुकबाट जनतालाई अँध्यारोमा राखेर उद्योगलाई डेडिकेटेड तथा ट्रंक लाइनमार्फत् निरन्तर बिजुली उपलब्ध गराएको भनेर भ्रामक सन्देश फैलाइरहनु भएको छ,' पीडित उद्योगीले जारी गरेको विज्ञप्तिमा छ, 'तर, आजसम्म घिसिङले चरम लोडसेडिङ हुँदाका बखत उद्योगले निरन्तर बिजुली उपभोग गरेको प्रमाण दिन सक्नुभएको छैन।'

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा गठित सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल अध्यक्ष र बाहलवाला दुई सचिव सम्मिलित जाचबुँझ आयोगले समेत डेडिकेटेड लाइनका हकमा २९ पुस २०७२ देखि १० फागुन २०७२ सम्म र ट्रंक लाइनका हकमा १ साउन २०७३ देखि २५ कात्तिक २०७३ सम्म लोडसेडिङका बखत बिजुली उपभोग गरेको प्रमाण दिएर फरक रकम (थप प्रिमियम रकम) असुल उपर गर्नू भन्ने सिफारिस गरेको उद्योगीले स्मरण गराएका छन्।

'त्यही प्रतिवेदनलाई आधार मानेर सरकारले मन्त्रिपरिषद् बैठकबाट सोही अनुरूप प्राधिकरणले प्रमाण दिने र उद्योगीले प्रमाण प्राप्त गरेपछि रकम भुक्तान गर्नुपर्ने निर्णय गरेको थियो,' उद्योगीले भनेका छन्-'उक्त निर्णय समेतलाई प्राधिकरण नेतृत्व र ऊर्जा मन्त्रालयले बेवास्ता गरेको जानकारी गराउँछौं।'

जिम्मेवार मन्त्री तथा विभागीय प्रमुखले बारम्बार अनावश्यक प्रचार-प्रसार गरेर उद्योगीको मानमर्दन गरिरहेको, तथ्यहीन कुरा सामाजिक सञ्जालमा राखेर भ्रम फैलाइरहेको उद्योगीले बताएका छन्। त्यसले व्यावसायिक वातावरण सप्रिनेभन्दा झन् बिग्रिने अवस्था आउने उनीहरूको भनाइ छ।

'पहिलो कुरा, प्राधिकरणले समयमै बिल नपठाउने, फरक रकम माग गर्दा प्रमाण नदिने, सरकारको कुनै निर्देशन नमान्ने र सामाजिक सञ्जालमा मात्रै दुष्प्रचार गर्ने कार्य भएको छ, यस्ता कार्य तत्काल बन्द हुनु सबैका लागि हितकर हुन्छ।'- उद्योगीहरूको विज्ञप्तिमा छ।

न्यायिक प्रक्रियाद्वारा समस्या समाधान गरी आर्थिक तथा व्यावसायिक वातावरण सुधार्न सबै पक्षको पहल कदमी आवश्यक रहेको उनीहरूको भनाइ छ।

# 'व्यवसायिक सुरक्षाको लागि तस्करी रोक्नुपर्छ'




बुटवल। रुपन्देही व्यापार संघको २४औं वार्षिक साधारणसभा तथा १३औं अधिवेशन शुक्रबार सम्पन्न भएको छ।

कार्यक्रममा वक्ताहरूले राजनीतिक स्थिरता, उद्योग-व्यवसायको सुरक्षित वातावरण, अवैध तस्करी रोकथाम र बुटवललाई आर्थिक-सांस्कृतिक केन्द्रका रूपमा विकसित गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। जेनजी आन्दोलनका कारण उद्योग-व्यवसायमा परेको नोक्सानीबारे पनि चिन्ता व्यक्त गर्दै उत्पादन, बजार विस्तार र व्यवसायिक हकहितका मुद्दामा ध्यान दिन नयाँ आउने नेतृत्वलाई सुझाव दिइएको थियो।

अधिवेशनको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लिला गिरीले मुलुकको समग्र विकास र समृद्धिका लागि राजनीतिक स्थिरता आवश्यक रहेको बताए। उनले मुलुकमा दूरदर्शी नेतृत्व, बलियो राजनीतिक दल र राजनीतिक स्थिरता सुनिश्चित हुन सके मुलुकको समृद्धिलाई कसैले रोक्न नसक्ने धारणा राखे।

'राजनीतिक अस्थिरताका कारण मुलुककमा जति हुनुपर्ने हो त्यति विकास निर्माण हुन सकेको छैन्,' उनले भने-'राजनीतिक अस्थिरताले देशलाई झन् समस्यामा पार्ने खतरा बढेको छ।' अघिल्लो सरकारले अघि बढाएका धेरै विकास निर्माण आयोजना सम्पन्न भइसकेको र केही आयोजना अन्तिम चरणमा पुगेको नेता गिरीले बताए। 'पछिल्लो समय पुराना राजनीतिक दल र नेताले देशमा केही गरेनन् भन्ने भास्य सिर्जना भएको छ जसलाई चिर्न जरुरी छ।'-उनले भने।

गएको चैत १५ गते मुलुकलाई ध्वस्त पार्ने षड्यन्त्र पूरा हुन नसकेपछि पुनः भदौ २३ र २४ गते देशभर तोडफोड र आगजनी गरी विध्वंश मच्चाइएको उनको भनाइ थियो। 'जेनजी आन्दोलनका नाममा अपराधिक मानसिकताका केही व्यक्तिले विभिन्न व्यक्ति र सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुऱ्याए', गिरीले भने-'उद्योगी व्यवसायीहरु उठ्नै नसक्ने गरी समस्यामा छन्, यो घटनाले फेरि देशलाई ५० वर्ष पछाडि धकेलेको छ।' मुलुकको समृद्धि र विकासका लागि कृषि र उद्योग क्षेत्रलाई प्राथमिकतामा राखेर उत्पादन र बजारीकरणमा जोड दिनुपर्ने उनले बताए। नेता गिरीले व्यवसायिक हकहितका लागि आएको संघको नयाँ नेतृत्वलाई सधैं कटिबद्ध भएर काम गर्न सुझाव दिए।

लुम्बिनी प्रदेशका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले हरेक हिसाबले केन्द्र भागमा रहेको बुटवललाई आर्थिक तथा साँस्कृतिक केन्द्रका रुपमा विकास गर्न सबैको चासो बढ्नुपर्ने बताए। 'व्यवसायिक उन्नति बिना हाम्रो भविश्य सुनिश्चित छैन, बुटवलमा वृहत् कर्पोरेट हाउस जरुरी छ। यसका लागि यहाँका सम्पूर्ण संघसंस्थाहरु एकजुट हुनुपर्छ।'-उनले भने। पछिल्ला घटनाक्रमले उद्योगी व्यवसायीमा छाएको निराशालाई चिरेर अघि बढ्नुको विकल्प नभएको नेता श्रेष्ठले बताए। पुराना राजनीतिक दल र नेताहरुले समय अनुसार आफूलाई परिवर्तन गर्न जरुरी रहेको उनको भनाइ थियो। सीमा सुरक्षा चुनौती बढिरहेको भन्दै उनले खुला सिमानाका कारण हुने अवैध चोरी पैठारीलाई पूर्णरुपमा बन्देज गर्न सकेमात्र यहाँका उद्योगी व्यवसायीहरुलाई राहत मिल्ने बताए।

बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले उज्यालो बुटवल अभियानलाई सार्थक बनाउन हाइमास्ट लाइट जडानलाई प्राथमिकतामा राखेको बताए। राजनीतिक दल र नेताहरु सच्चिनुपर्ने समय आएकोमा जोड दिँदै उनले बुटवललाई सफासुग्घर, हरियाली र बस्नयोग्य बनाउन सबैले सहकार्य गर्न जरुरी रहेको जनाए। नगर उप-प्रमुख सावित्रादेवी अर्यालले स्थानीय सरकार व्यवसायीहरुको साथमा सधैं रहेको जनाउँदै व्यवसायिक समस्याहरुलाई सामूहिक रुपमा बसेर समाधान गर्ने प्रतिबद्धता गरिन्। उनले बुटवल उप-महानगरपालिका र व्यापार संघ व्यवसायिक हितका लागि एक भएर अगाडि बढ्ने पनि बताइन्।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ कात्तिक २९ गते, शनिबार

तपाईका लागि...




## बिट्विन द लाइन्स्...

मानिसका लागि
मानिसभन्दा ठूलो अरु क्यै हुन्न–
मानिसभन्दा ठूलो कुरो
तिमीले नखोजे पनि हुन्थ्यो,
मानिस मूल्य तिरेर तिमीले
तिमीले के पायौ कुन्नि–
तर मानिसलाई नबेचे पनि हुन्थ्यो।

– वासु शशी

पुस्तक अंश

# मेरा लागि जेल युनिभर्सिटी जस्तो पो भयो

**नारायणप्रसाद शर्मा**

हाम्रा समयभन्दा अघि पनि दाङमा सिर्जनात्मक गतिविधि धेरै भएका थिए। तीमध्ये धेरै इतिहासको गर्भमा विलुप्त भए, कति हामीहरूले बिर्सन थालिसक्यौं। २०१०/०१२ सालतिर दाङ नारायणपुरका शोभाकर आचार्यले कर्तव्यता भन्ने कवितासङ्ग्रह प्रकाशित गरेका थिए। उनले छन्दमा राम्रा कविता लेख्थे। साथै उनी रामेश्वर शर्माका समकक्षी थिए। बिजौरीका रामेश्वर गुरूले पनि राम्रा कविता लेख्ने गर्थे। उनले संस्कृतमा धेरै लेखे। उनीहरूभन्दा पनि अघि टेकनाथ गौतमका दाइ शालिकराम गौतमले कविताहरू लेखेको इतिहास छ। उनले त महाकाव्य नै लेखेका छन्। त्यो पछि प्रकाशित पनि भयो। शोभाकर आचार्य संस्कृतका विद्वान् भए पनि उनले नेपालीमा कविता लेखेका थिए। बनारसमा पढ्दा विराटनगरका बालकृष्ण पोखरेल आदि पनि थिए। त्यसबेला केही पूर्वका साहित्यकारहरूसँग परिचय हुनपुग्यो। उनीहरूले धेरै कृतिहरू लेखेका छन्। यस्तै प्युठानका शालिकराम भण्डारी, खेमराज पण्डितलगायत धेरैजनासँग परिचय भयो। पछि भरतपुरमा पढाउँदा मलाई सेक्रेटरिएल विभाग दिइएको थियो। त्यसमा रहँदा मैले टाइपराइटर चलाउन सिकेको थिएँ।

त्यसैको तालिमका सिलसिलामा म केही समय काठमाडौँमा समेत बसें। लेखक श्यामप्रसाद शर्मासँग मेरो २०१० सालदेखि नै राजनीतिक सम्बन्ध थियो। काठमाडौँमा भेट भएपछि उहाँले गोविन्द भट्टसँग पनि परिचय गराइदिनुभयो। गोविन्दजीले त्यतिबेला चिनियाँ पुस्तकालयमा काम गर्नुहुन्थ्यो। म अन्तर्ध्वनि पत्रिका प्रकाशन गर्ने ध्याउन्नमा थिएँ। २०२४ सालतिरको कुरा हो यो। म त्यतिबेला काठमाडौँमा झ्ाँसेतिर बस्थेँ। आनन्ददेव भट्टसँग पनि अलि पहिले वीरगन्जमा भेटघाट भएको थियो। २०२२ वा २३ सालजस्तो लाग्छ। मैले उहाँका कविता पहिले नै पढिसकेको थिएँ। म स्कुलबाट सचिवालयसम्बन्धी तालिम गर्न वीरगन्ज गएका बखत उहाँसँग भेट भएको थियो। कताबाट हो कुन्नी उहाँ अचानक मेरो कोठामा आउनुभएको थियो। उहाँसँग परिचय भयो। पछि त काठमाडौँ गएका बखत उहाँसँग भेटघाट भइरहन्थ्यो। उहाँसँग मेरो निकै आत्मीय सम्बन्ध थियो। रमेश विकलसँग पनि मेरो निकै राम्रो सम्बन्ध थियो। म उहाँको घर गोकर्णको आरूबारीमा गएको थिएँ। त्यसै गरी युगकवि सिद्धिचरण श्रेष्ठसँग पनि मेरो भेटघाट भएको हो। उहाँले अन्तर्ध्वनि पत्रिकाको पहिलो अङ्कमा लेख्नुभएको छ।

२०२२ सालमा घोराहीको भरतपुर स्कुलमा एउटा साहित्यिक कार्यक्रम भएको थियो। त्यो कार्यक्रम गर्दा म भरतपुरको शिक्षक भएकाले सात आठ दिनसम्म स्कुलमा डेरा जमाएरै बसेको छु। त्यसमा एकराज शर्माको पनि ठूलो सहयोग थियो। उहाँ यस्ता साहित्य र सामाजिक काममा जहिले पनि सहयोगी हुनुहुन्थ्यो। उहाँ पनि कार्यक्रमका लागि भनेर थपक्कै बस्नुभएको हो। एकजना प्युठानका खोपीराम भन्ने विद्यार्थी पनि खुब सक्रिय भएको सम्झना छ। त्यस कार्यक्रममा अरू धेरैको सक्रिय सहभागिता र सहयोग थियो। टेकनाथजीहरू पनिविद्यालयका संस्थापक भएकाले सहयोगी हुनुहुन्थ्यो। त्यस कार्यक्रममा हामीले नाटक पनि देखाएका थियौँ।

हामीले कार्यक्रममा साहित्यकार भीमनिधि तिवारीलाई काठमाडौंदेखि प्रमुख अतिथिका रूपमा ल्याएका थियौं। उनी जनस्तरबाट उठेका लेखक थिए। त्यही भएर उनलाई लिने कुरा भयो। बालकृष्ण सम त राणादरबारमा जन्मेका हुनाले सामन्ती लेखक हुन् भन्ने लाग्यो। तर पछि थाहा भयो, सम त निकै ठुला र राम्रा साहित्यकार रहेछन्। राणा भनेर हुँदो रहेनछ। उनी त राम्रा चिन्तक रहेछन्। पछि थाहा पाइयो। यस्तै २१, २२ सालतिर चितवनमा ठूलो साहित्यिक कार्यक्रम भएको थियो। त्यो कार्यक्रम सम्पन्न गर्नेमा योगी नरहरिनाथको निकै सक्रियता थियो। त्यसलाई राजा महेन्द्रले उद्घाटन गरेका थिए। त्यस कार्यक्रममा दाङबाट मलाई पनि चुनिएको रहेछ। म भर्खरजसो जेलबाट छुटेको थिएँ। कसैले मेरो नाम सिफारिस गरेको रहेछ। यसले पनि लेख्छ भन्ने लाग्यो होला। अर्का थिए, पश्चिमका जीवराज धिताल अनि/अर्का साथी थिए, कमल डाँका। पनौराका कमल गौतमले आफ्नो साहित्यिक नाम कमल डाँका राखेका थिए। उनले पनि कविता लेख्ने गर्थे। कोइलावासको बाटो भएर भारत गइयो अनि वीरगन्ज भएर नेपाल आई चितवन पुगियो। त्यो बेला चितवन पुग्न यताको बाटो थिएन, भारतबाट आउनुपर्ने स्थिति थियो।

चितवनको कार्यक्रममा सबैजसो पञ्चायतका समर्थकहरूकै सहभागिता थियो। देशमा पञ्चायती व्यवस्था भर्खर भर्खर बामे सर्दै थियो। त्यसबारे छलफल पनि भयो। कवि केदारमान व्यथितसँग मेरो त्यहीं भेटघाट र चिनाजानी भयो। बालकृष्ण समलाई मैले सबैभन्दा पहिले चितवनमै भेटेको थिएँ। त्यहाँ कवि महानन्द सापकोटा आएका थिए। उनीसँगभेटघाट र कुराकानी भयो। गोविन्दप्रसाद लोहनीसँग मेरो विशेष हिमचिम भयो त्यहाँ। त्यतिबेला काठमाडौंको कुनै कविले कविता लेखेको थिए 'आऊ, स्वास्नी साटासाट गरौं' भन्ने शीर्षकमा। छलफल चल्दाखेरि मैले त्यही कविताको विषयलाई लिएर त्यस प्रकृतिका साहित्यको चर्को आलोचना गरेको थिएँ। त्यो कविता लेख्ने कवि पनि त्यहीँ रहेछन्। मैले ती कविको नाम त लिएको थिइनँ। तैपनि उनी मसँग बाइलाजस्तो गरेपछि तत्कालै गोविन्दप्रसाद लोहनीले मेरो रक्षा गरे। उनले यो हो सोभियत रूस' भन्ने पुस्तक लेखेका थिए। उनी पञ्चायती व्यवस्थाका जागिरे भए तापनि भित्र कम्युनिस्ट विचारका मानिस थिए। उनको त्यही भावनाले मेरो बचाउ गर्न उत्प्रेरित भएको हो जस्तो लाग्छ। उनले पञ्चायतमा राजा महेन्द्रसँग मिलेर केही राम्रा काम पनि गरेका थिए। उनको घर काठमाडौंको घट्टेकुलामा थियो। पछिसम्म म उनको घरमा गइरहन्थेँ। लोहनी एक जना असल मानिस थिए।

चितवनको कार्यक्रममा मैले दाङको साहित्यिक इतिहासबारे एउटा छोटो प्रतिवेदन पेस गरेको थिएँ। त्यसमा देशका धेरै जिल्लाबाट विभिन्न व्यक्तिहरूको प्रतिनिधित्व भएको थियो। त्यतिखेर राति साहित्यिक गोष्ठी चलेको थियो। देवघाट नजिकैको नदीमा डुङ्गामा बसेर साहित्यिक कार्यक्रम भएको थियो। पाल पनि टाँगिएको थियो। मैले गोष्ठीमा कविता सुनाएको थिएँ। खानपान सबै भएको थियो त्यहाँ। कार्यक्रम दुई दिनको थियो। त्यसबाट मलाई धेरै साहित्यकारहरूसँगभेटघाट र परिचय गर्ने अवसर मिल्यो।

मेरो लेखपढ गर्ने काम जेलमा अलि बढी भयो। मेरा लागि जेल युनिभर्सिटीजस्तो पो भयो। जिन्दगीमा जेल जानुपर्ला भनेर त सोचिएको थिएन तर जेल पनि बसियो। बाहिरसधैंको दौडधुप त हो नि। स्वतन्त्र रूपले लेख्न पढ्न नपाइने। कता कता पढ्ने लेख्ने वातावरणका लागि त जेलमै पाइन्छ कि भन्ने पनि मलाई अनुभूति हुन्थ्यो कहिलेकाहीँ। मनमा यस्तो अनुभूति भइरहेका सन्दर्भमा दाङमा बेलुवा बञ्जाडी काण्ड भयो। त्यतिबेला म यहाँको कम्युनिस्ट पार्टीको सचिव थिएँ। यसैले मलाई जेल हाल्छ कि भन्ने कुरामा भित्रभित्र शङ्का थियो। कता कता मनभित्र खुसी नै थिएँ। केही दिन बसिन्छ होला भन्ने लागेको थियो मलाई। त्यति धेरै दिन जेलमा बस्नुपर्ला भनेर सोचिएको थिइएन। नभन्दै जेल पनि परियो। त्यहाँ त अरू काम केही छैन। जेलमा रहँदा नै मैले काव्यकृतिहरू लेख्ने अवसर पाएँ। बाहिर रहेको भए सायद त्यो सम्भव थिएन। मैले जेलभित्रै बसेका बेलामा मन्दिर काव्य लेखेँ, हिमाली रत्न, जेलदर्शन जस्ता कृतिहरूको रचना पनि गरेँ। जेलमा छँदा केही कथा पनि लेखेको थिएँ, पाँच छ ओटा नाटक पनि लेखेँ। फुटकर रचना त धेरै नै गरियो। जेलमा छँदा डाँडागाउँका हुताशन शर्माका छोरा गोपालले मलाई किताब लगिदिन्थे। विश्वमाया गौतम, देवमणि गौतम, गिरिराज शर्मा आदिले पनि किताब लगिदिएको सम्झना छ। जेलमा छँदा यशपालको सहिद भगतसिंहबारे लेखेको किताब पढेको थिएँ। त्यो धेरै राम्रो थियो। यस्तै चन्द्र शेखर आजादबारेका किताब पनि पढियो। भारतीय अङ्ग्रेज विरूद्धको आन्दोलनका दुई आयाम थिए- गान्धी शान्तिपूर्ण आन्दोलनका पक्षमा थिए भने जगदीशचन्द्र बोसहरू अलि क्रान्तिकारी धारका थिए। त्यही क्रममा भगतसिंह जस्ता व्यक्ति आए। उनले भारतको संसद भवनमा बम विष्फोट नै गराएका थिए। त्यही कारणले उनलाई मृत्युदण्ड दिइएको थियो। यस्तै राहुल सांकृत्यायनको मानव समाज भन्ने किताबले मलाई अति प्रभाव पारेको हो। ती सबै अध्ययनले मलाई जेलभित्र ठुलोऊर्जा प्राप्त भएको थियो। मेरा लागि जेल एकप्रकारले विश्वविद्यालयनै बन्यो।

जेलमा धेरै किताब पढियो र लेखियो पनि। खास गरी त्यहाँ बस्दा मेरो अङ्ग्रेजी भाषामा धेरै सुधार आयो। जेलमा छँदा मैले अङ्ग्रेजी किताबहरू अगाडि डिक्सनरी राखेर पढ्थे। पछि पत्रकारिता गर्दा त्यो काम लाग्यो। यहाँ बेलाबखत विदेशीहरू पनि आइरहन्थे। उनीहरूसँग जानीनजानी भए पनि अङ्ग्रेजीमा कुराकानी गर्नुपर्ने वाध्यता हुन्थ्यो। मलाई छोरा प्रभातले निकै मद्दत गरेको सम्झना छ। सानामा प्रताप र प्रबोधले पनि कम्पोज गरेर सहयोग गर्थे। बेलामौकामा विदेशीसँग गरेका कुराकानीलाई आधार बनाएर पनि पत्रिकाका सामग्री बनाउने गरेका थियौँ।

हामी कुनै जान्ने भएर अङ्ग्रज बोलेको होइन। सिक्ने कोसिस गरेको त हो नि। जिन्दगीमा सिकेर कहिल्यै सकिने रहेनछ।

२०२४ सालमा अन्तर्ध्वनि साहित्यिक पत्रिका प्रकाशन गरियो। त्यसको खास पृष्ठभूमि के थियो भने म जेलबाट छुटै ! मेरा केटाकेटीहरू साना थिए। हाम्रो घरको आर्थिक स्थिति त्यतिखेर कमजोर थियो। हाम्रो जग्गा त थियो तर आम्दानी खासै नहुने। म जेलमा रहँदा मेरो माइला छोरा प्रभातले भरतपुर स्कुलमा गरिब छात्रवृत्ति वा पुअर फन्डबाट दुई रूपिया सहयोग लिएर पनि पढेको अझै सम्झना छ। मेरी बुढियाले पनि तरकारी बेचेर, अरू के के दुःख गरेर केटाकेटीलाई पढाइन् पछि जेलबाट छुटेपछि त केटाकेटी ठुला हुँदैछन्। म घर छाडेर बाहिर जान पनि सक्ने अवस्थामा थिइनँ। बाहिर जानेहरूको दशा पनि मैले राम्रै गरी देखेको र बुझेको थिएँ। त्यस्तोस्थितिमा मलाई आर्थिक सहयोग गर्ने मानिस कोही थिएन। फेरि मेरो माग्ने स्वभाव पनि भएन। आफ्ना छोराछोरीहरूलाई पढाउन लेखाउनका लागि पनि मैले राजनीति कम गर्ने घरव्यवहारलाई बढी ध्यान दिने अवस्था आइलाग्यो। राजनीति त पछि गरे पनि हुन्छ भन्ने लाग्यो। अरू सरकारी जागिर खाँदा बदनाम भइन्छ कि भन्ने पनि लाग्यो। सबैभन्दा सजिलो त शिक्षक बन्ने अनि पढाउने। फेरि मेरा लागि त भरतपुर स्कुलमा टेकनाथजीहरू, दामोदरजीहरू सहयोगी छँदै थिए। मलाई शिक्षक बन्न सजिलो पनि थियो। त्यसो भएकाले म राजनीतिमा क्रमशः निष्क्रिय हुँदै गएँ। मैले प्रत्यक्ष राजनीतिक कर्म छाड्नुको एउटा प्रमुख कारण यही थियो। त्यसपछि म अन्य सामाजिक तथा साहित्यिक गातिविधिमा अलि बढी सक्रिय हुनथालेँ। सक्रिय राजनीति छाडेपछि मलाई मनभित्र भने ठुलो पीडाबोध भयो। मेरो अन्तर्द्वन्द्व भन्ने काव्य सिर्जना त्यसैको परिणाम हो। त्यो कृति मेरो त्यही पीडाबोधको अभिव्यक्ति थियो। सक्रिय राजनीति त छाड्ने कुरा भयो तर मनमा चैन भएन। राजनीतिमा त्यस्तो सक्रिय भएको, जेलनेल भोगेको मानिस भएर पनि मैले यो अवस्थाबाट जीवनलाई डोऱ्याउनुपर्ने स्थिति भयो। मैले अरू सामाजिक काम गरेर पनि केही न केही योगदान दिनुपर्छ भन्ने विचार मनमा आउन थाल्यो। छोराछोरीप्रतिको कर्तव्य निर्वाह गर्नुका साथै अरू केही काम पनि गर्नुपर्छ भन्ने भाव भित्रैबाट आएको स्थितिमा मैले आफूलाई साहित्यमा लगाउने कोसिस गरेँ। अन्तर्ध्वनि पत्रिकाको प्रकाशन यसैको अभिव्यक्ति थियो। पत्रिकाका लागि मेरा हितैषीहरू एकराज शर्मा, गजराज शर्मा आदिसँग पनि सरसल्लाह भयो।

तत्कालीन अञ्चलाधीश राम नारायण श्रेष्ठले हामीलाई बडो मुस्किलले पत्रिकाका लागि लाइसेन्स वा दर्ता प्रमाणपत्र दिएका थिए। पत्रिका दर्ताको स्वीकृति पत्र पाएपछि म यति खुसी भएँ कि भनीसाध्य छैन। पत्रिका दर्ता गरी तुल्सीपुरदेखि घोराहीसम्म पैदल हिँडेर आउँदाको खुसी म अहिले पनि झलझली सम्झन्छु। एउटा ठुलै युद्ध जिते जस्तो भाव मनमा आएको थियो त्यतिखेर। पत्रिका दर्तापछि म धेरै उत्साहित भएको थिएँ।

लगत्तै स्कुलले मलाई विभिन्न तालिमका लागि काठमाडौँ पठाइदियो। करिब एक वर्षजति म त्यहाँ बसें। त्यही अवसरमा अन्तर्ध्वनि निकाल्न सफल भएँ। मैले त्यसमा मेरा विशेष सहयोगी भएकाले टेकनाथजी आदिको नाम पनि सल्लाहकारमा राखेको थिएँ तर त्यो कुरा यहाँ आफूलाई क्रान्तिकारी भन्ने केही कम्युनिस्ट साथीहरूलाई पचेन। उनीहरूले त्यसको चर्को विरोध गरे। म पनि त्यतिखेर गोप्य रूपमा भए पनि पार्टीभित्रै थिएँ। मैले साथीहरूसँग हार खाएँ अनि उहाँहरूको नाम हटाइयो। एकराजजीहरू, टीकारामजीहरू, धितालजीहरू धेरैले सहयोग गर्नुभयो। कतिपय रचना त आफूले लेखेर मैले अरूका नाममा पनि छाएँ। म पनि राम्रो लेखक हुँ, तपाईंले मेरो बदनाम गर्ने भनेर मसँग धेरै रिसाए पनि। पत्रिका प्रकाशनका लागि यस्तो पनि गरियो। काठमाडौंको झ्ाँसेमा एउटा प्रेस थियो। त्यहीँबाट अन्तर्ध्वनिको पहिलो अङ्क प्रकाशित भएको हो। मैले पत्रिका दाङ पठाइदिएँ। पछि मैले पनि दाङ बोकेर आएँ। काठमाडौँमा पनि त्यो वितरण भयो। यो पत्रिका धेरै वर्ष बन्द भयो। पछि देशमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि फेरि केही अङ्क निकालियो। त्यसलाई निरन्तरता दिन सकिएन। राप्तीसाहित्य परिषद्लाई हस्तान्तरण गरेपछि भने यो पत्रिका अहिले नियमित प्रकाशित भइरहेको छ।

हाल सर्वोदय पुस्तकालय रहेको स्थानमा पच्चिस बिगाहा नामक नाटक देखाइएको थियो। एकराजजीले, मैले र अरू धेरै साथीहरूले पराल बोकेर नाटक हेर्ने दर्शकहरूका लागि बस्ने व्यवस्था गरेका थियौं। त्यसमा भरतपुर स्कुलका शिक्षक साथीहरू र केही विद्यार्थीहरू सहभागी भएका थिए। हामीले नाटक हेर्नका लागि टिकट पनि लगाएका थियौं। त्यसबाट अलिअलि पैसा आएको थियो। त्यही पैसामा अरू केही थपेर सर्वोदय पुस्तकालयको घर बनाउने कामको प्रारम्भ भएको थियो। नाटकबाट आएको पैसाकै जगमा सर्वोदयको घर निर्माणको आधार तयार भएको हो। अहिले त पुस्तकालयले धेरै भौतिक उन्नति गरेको छ।

(दाङ निवासी वरिष्ठ पत्रकार नारायणप्रसाद शर्माको भर्खरै प्रकाशित पुस्तक 'जीवन प्रवाहःमार्क्सदेखि बुद्धसम्म'बाट साभार)

क्लासिक कथा

# इभान इल्यीचको मृत्यु– ४

**लेभ तोल्सतोइ**

(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ। नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ। लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन्। सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो। ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो। उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन्। पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ। कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो। त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ।)

सबैको स्वास्थ्य राम्रो थियो। कहिलेकाहिं इभान इल्यीच आफ्नो मुखको स्वाद केही अनौठो किसिमको हुँदैगएको गुनासो गर्थे वा पेटको बायाँतर्फ कोखामा केही अप्ठेरो लागिरहेको छ भन्ने पनि बताउँथे। तर यसलाई बिसन्चो भन्न मिल्दैनथ्यो।

परन्तु यो अप्ठेरो बढ्दै जान लाग्यो। यसलाई पीडा त अझै भन्न सकिँदैनथ्यो, तर एक प्रकारको ऐंठन चाहिं अनुभव भइरहन्थ्यो। यसले गर्दा उनी हर्दम खिन्न रहन थाले। मनको यो खिन्नता पनि गहिरो हुँदैगयो र गोलोभिन परिवारमा फेरि स्थापित भैसकेको खुशियाली र शिष्ट जीवनमा त्यसले बाधा पुऱ्याउन लाग्यो। जोईपोइ बीचको कलह पनि बढ्दैगयो। छिटै नै घरगृहस्थीको अमन-चैन पनि बिलाएर गयो। घरको शिष्टता कायम राख्न समेत धौधौ पर्न थाल्यो। बेलाबेलामा रडाको समेत मच्चिनेगर्थ्यो। जोईपोइको मेलमिलापको कुनै ठाउँ नै बाँकी रहन गएको थिएन र पारिवारिक जीवन उकुसमुकुसपूर्ण हुन गएको थियो।

आफ्नो पतिको मिजास रुखो छ भनेर प्रस्कोभ्या फ्योदोरोभ्ना भन्नेगर्थिन् र यस कथनमा सत्यको पुट पनि नभएको होइन। कुरा केही बढाईचढाईकन भन्ने त उनको बानी नै थियो, तसर्थ उनी के पनि भन्नेगर्थिन् भने उनको पनि स्वभाव शुरुदेखि नै यस्तै थियो र आफ्नो सहनशील स्वभावको कारणले गर्दा मात्रै बीस बर्षसम्म उनीहरूको सहजीवन सम्भव हुन गएको थियो। सही कुरा के थियो भने अब घरमा जति पनि रडाको मच्चिन्थ्यो त्यसको आरम्भ इभान इल्यीच नै गर्नेगर्थे र जहिले पनि भोजन गर्ने बेला भयो कि त निहुँ खोज्न थालिहाल्थे। अक्सर आफ्नो अगाडि सुरुवाको रिकापी आइपुग्यो कि उनी खोटहरू निकाल्न थाल्थे। कहिले उनी कुनै भाँडाबर्तन फुटेको देख्थे भने कहिले चाहिं खाना नै उनले चाहेको जस्तो हुँदैनथ्यो। कहिले उनको छोरोले टेबिलमा कुहिनो अड्याएर बसेको उनलाई मन पर्दैनथ्यो भने कहिले चाहिं छोरीले कपाल बाटेको छाँट नै उनलाई चित्त बुझ्दैनथ्यो। जुनसुकै कुराको लागि पनि प्रस्कोभ्या फ्योदोरोभ्ना नै दोषी ठहराइन्थिन्। शुरु-शुरुमा त प्रस्कोभ्या फ्योदोरोभ्ना पनि हाकाहाकी ठाडै ओंठे जवाफ दिन्थिन् र उनलाई भन्नु-नभन्नु समेत भन्नेगर्थिन्। तर दुई-तीनपल्ट कस्तो पनि भयो भने भोजन शुरु हुनेबित्तिकै इभान इल्यीच त्यसै पनि खूब जङ्गिए। उनकी पत्नीले के ठम्याइहालिन् भने भोजनमा वास्तवमा नै कुनै चीज यस्तो छ जसले उनलाई त्यसै पनि रीस उठाइदिन्छ। यो पनि एक किसिमको रोग नै होला भन्ठानेर उनले आफूलाई काबूमा राखिन् र केही पनि जवाफ दिइनन्। जतिसक्यो चाँडो भोजन समाप्त गर्न नै उनी प्रयत्नशील रहिन्। यस्तो आत्म-नियन्त्रणको लागि उनी मनमनै आफै आफ्नो प्रशंसा पनि गर्ने गर्थिन्। लोग्नेको मिजास नै राम्रो छैन र उनबाट पाउनसम्मको दुःख पाइसकिएको छ भन्ठानेर प्रस्कोभ्या फ्योदोरोभ्नालाई आफूउपर नै दया जागेर आयो। जति बढ्ता उनलाई आफूउपर दया लाग्नेगर्थ्यो त्यत्ति नै बढी मात्रामा उनलाई आफ्नो लोग्नेप्रति घृणा पनि लाग्दै जान थाल्यो। पतिको मृत्युको समेत उनले चाहना नगरेकी होइनन्, तर यस्तो अवस्थामा आम्दानीको मुहान नै सुकेर जानेछ भन्ने पनि उनी बुझ्थिन्। यसले गर्दा उनी आफ्ना पतिसित झन् मुर्मुरिएकी थिइन्। लोग्ने मरेरै गए पनि आफूलाई कुनै अमनचैन हुनेछैन भन्ठानेर त झन उनको क्षोभ बढेर जानेगर्थ्यो।

» बाँकी ३ पेजमा

कविता

## तिनाउभन्दा लामा हाम्रा आँसु

**दलबहादुर गुरुङ**

सुकेनाशजस्तै लाग्छ अचेल तिनाउ
घोटिएर खिईएको चकजस्तै लाग्छ तिनाउ।
मिसिएर झेर्दी, उटुवा,बाउन्ने खोल्साहरु तिनाउमा
उर्लिन्थ्यो बढेमानको बनेर !
अचेल चैतबैसाखमा कमिला तर्छन् !
यहि तिनाउमा।
कत्ले, बाम र बुदुना माछाहरु समाएर
बगरमा उत्तानो परेको हिजोजस्तै लाग्छ
पेटभरि तिनाउको तातो बालुवा थुपारेर
तपस्वी ऋषिमूनि बनेको कहाँ बिर्सिम्ला र आजै ?
तिनाउ खोलामा पाकुमगुम गरेकै हुँ
छप्के हानेर वारिपारि गरेकै हुँ
ठूलो कन्येढुङ्गाबाट डाइफ हानेकै हुँ !
नपत्याय ?
खोला किनारे सर्तुङ्गे बाजेलाई सोध्नू
जान्नै मन लागे पुतली बजैलाई सोध्नू
उहिले तिनाउ कल्कलाउँदै बग्थ्यो
जीवनको गीत त्यही सुनेको हुँ पहिला !
कपडा पकाएर पिट्दै गर्दा
मैलो बगाउने अगतिलो काम गरेकै हुँ
अचेल करेन्टधारा बगाउँछन्
विषका थैलाहरु मिसाउँछन् तिनाउमा
कति मरे होलान्
भ्यागुता, गंगटा र सर्पहरु
माछाले मृत्यु कसरी सह्यो होला ?
झ्याउ र लेऊहरु कस्तो भए होलान् ?
बगाई दिएको थियो यहि तिनाउले
घरखेत, बस्तुभाउहरु
भूमिहीन भएका थियौं हामी
शायद
तिनाउभन्दा लामा छन् आँसु हाम्रा !
तै पनि
जोगाउने अभियानमा छौं हामी
आगोले पोलेको घाउलाई आगोले नै
सेक्नु पर्दोरहेछ !

## तिनीहरूको हो यो देश

**शंकर भण्डारी**

हिउँका चिसा डल्लाहरू सल्काएर
जिन्दगीको न्यानो ताप्ने
भोटे, शेर्पाहरूको देश हो यो
पहाडका उकाली-ओरालीहरूमा
खर्पनभरी जिजिविषा बोकेर हिंड्ने
भरियाहरूको देश हो यो
तातो सूर्यलाई
आफ्नै पिंठ्युमा पगालेर
तराईका फाँटहरूमा
सिर्जनाका बाली रोप्ने
मुसहरहरूको देश हो यो

यो देश,
सिंहदरबारले बनाएको होइन
न बालुवाटारले सजाएको हो,
राज्यले थमाएको मात्र एउटा
नागरिकताको कोरा कागज
पोको पारेर
सिमाना कुरिरहेका
किसानहरूले जोगाएको देश हो यो

अभावको थालीभरि
सपनाको अर्नि चपाएर
आफ्नै रगत र पसिनाले
भविष्यको जग हाल्ने
ज्यामीहरूले बनाएको देश हो यो

खबरदार !
कसैको अपुताली परेको
सम्पत्ति होइन यो देश
यो देश त तिनीहरूको हो
जो देश दुख्दा, सँगै दुख्छन्
देश रुँदा, सँगै रुन्छन्

दैनिक लुम्बिनी
रु.जि.हु.द.न.१३/०६३/०६४

पुस्तक चर्चा

# २५ सय वर्षअघिको आक्रोश



रामचन्द्र श्रेष्ठ

'महिलाको स्वाधिनतामाथि हस्तक्षेप गर्ने जनपदलाई जति छिटो रगतमा डुबाइदिन सकिन्छ उत्तिनै बेस हुन्छ।'

पच्चीस सय वर्ष पहिलेको आक्रोश हो यो। जब आफुलाई जबरजस्ती नगरवधु बनाइन थालेको थियो अम्बपालीले यसरी आक्रोश व्यक्त गरेकी थिइन्। यो आक्रोश केवल मनमा कैद भएर बसेन। समयका अनेक उपक्रमहरूमा यो निश्तेज पनि भएन। आफ्ना सपनाहरूको हत्या गरेर परम्परा र कानुनको आडमा नगरवधु बनाइएपछि अम्बपालीले वैशालीको पतनको लागि कुनै कसर बाँकी राखिनन्।

उसो त अम्बपालीलाई वैशालीका गणपति सुनन्दले सम्झाएका हुन्छन्– 'सार्वजनिक हितको लागि व्यक्तिगत इच्छाहरूलाई तिलाञ्जली दिनुपर्छ।' सिंगो वैशाली अम्बपालीलाई नगरवधु बनाउने मुद्दामा विभाजित थियो। उनको अस्वीकृतिले वज्जीसंघको एकता नै संकटमा पर्‍यो। त्यसैले सुनन्दले 'व्यक्तिगत इच्छा'को बलिदान माग्छन्।

पच्चीस सय वर्षपछि डा.शिवमाया तुम्बाहाम्फेलाई सभामुख बन्नबाट रोक्न यस्तै यस्तै तर्कहरू गरिएको थियो। पार्टीको एकता वा पार्टीको हितको लागि उनको योग्यताको बलिदान मागियो। र, फेरि पनि शिवमाया सार्वजनिक हितको लागि व्यक्तिगत इच्छा र सामर्थ्यको बलिदान गर्न विवश पारिइन्। राजीनामा गर्दै गर्दा शिवमायाले कटु यथार्थ ओकलिन्– राज्यसत्ता भन्दा पितृसत्ता बलियो रहेछ। आखिर इतिहास दोहोरिनेरहेछ फरक फरक आवरणमा। उसो त हाम्रा वर्तमान कर्म र चिन्तनहरूले निकटदेखि सुदुर इतिहाससँग साइनो राख्छन्।

प्रतिगमन विरोधी आन्दोलनको अन्त्यतिर राजनीतिका विविध आयाम बुझ्ने भोक चर्को थियो। भोक मेट्न अनेकन् किताबहरू पढिन्थ्यो। यसैक्रममा हात लागेको थियो– 'वैशालीकी नगरवधू'। तर यो पढ्नु त्यति सजिलो थिएन। हिन्दि भाषा त्यो पनि संस्कृत शब्दावलीहरूले भरिपूर्ण। मोटाई पनि उस्तै। लगभग तीन महिना घोटिएपछि उपन्यासको स्वाद महसुस भएको थियो। पछि चतुरसेनका कथाहरू पढ्न थालेपछि 'वैशालीकी नगरवधू' झनै सुस्वादिलो बन्दै गयो। जिन्दगीमा अक्सर यस्तै हुन्छ। पहिलो गाँसमा औधी स्वादिला लागेका वस्तुहरू विस्तारै अरुचिमा बदलिन्छन् र घृणा गरिएका क्रमशः स्वादिला हुन्छन्। कैयौ मान्छेहरू प्रिय ठान्दा ठान्दै पराई भईसकेका हुन्छन्। कैयौं पराईहरू थाहै नपाई आफन्त बन्छन्। जिन्दगी बेलाबेलामा रहस्यको ठूलो पोको जस्तो लाग्छ। तर, रहस्यको ठूलो पोको त अम्बपालीको जन्म नै हो।

**'धिक्कृत कानुन'**

'वैशालीकी नगरवधु' बुद्धको समयको कथा हो। उत्तर भारतमा केही बलिया राज्यहरू स्थापित भईसकेका हुन्छन्। त्यसमध्ये एउटा हो वज्जी संघ। यो विदेह राज्य फुटेर बनेका लिच्छवी संघहरूको राज्य हो। वज्जी अन्तर्गत आठ कुल संग्लग्न छन्। वज्जी संघ गणतन्त्रात्मक राज्य हो जहाँ राजाको पनि निर्वाचन हुन्छ। सभाले गर्ने निर्णयहरू सर्वोपरि हुन्छ। तर त्यस्तो सभा वा राज्य संयन्त्रमा सबै जाति र वर्गको पहुँच छैन। सामन्त, व्यापारी लगायतका कुलिनहरूको मात्र पहुँच छ। वैशाली वज्जी संघको राजधानी हो। वैशालीको एउटा अचम्मको कानुन छ– नगरको सबैभन्दा सुन्दर युवती कोही एकजनाको श्रीमती हुन पाउँदैन। उसलाई बिहे गरेर गृहस्थी जीवन बिताउने अधिकार छैन। उसलाई नगरवधु बनाइन्छ।

दरबारको उपवनको रेखदेख गर्ने नायक महानामन्‌ले आँपको रुख (आम्रवृक्ष)मुनि एउटी सुन्दरी बालिका भेट्टाउँछ। सन्तानविहिन महानामन् दम्पत्तिले त्यो बालिकालाई सन्तानको रूपमा अपनाउँछ। आम्रवृक्षमुनि फेला परेको हुनाले नाम अम्बपाली (आम्रपालीको अप्रभंस) राखिन्छ। बालिका अति सुन्दर हुन्छे, तर त्यहीं सुन्दरता नै उसको भविष्यको तगारो भएको हुन्छ। बालिका हुँर्कदै गएपछि नगरवधु बनाइन सकिने सम्भावनासँग डराएर महानामन् दरबार छोडेर गाउँमा जान्छ। अम्बपाली एघार वर्षको पुग्दा उसको आमाको निधन भईसकेको हुन्छ। महानामन् वृद्ध र गरिब हुन्छ। गरिबीका कारण अम्बपालीका रहरहरू पुरा गर्न नसक्ने भएपछि महानामन् पुनः वैशाली फर्किन बाध्य हुन्छ। वैशालीमा उसको भेट साथी चन्द्रदेवको छोरा हर्षदेवसँग हुन्छ। उसले पुनः राजप्रासादको सेवामा अवसर पाउँछ।

महानामन्‌लाई जे डर थियो आखिर त्यहीं भईछाड्छ। अम्बपालीलाई नगरवधु बनाइन्छ। अम्बपाली भर्खर-भर्खर हर्षदेवसँग प्रेममा परेकी थिई। उसका गृहस्थी जीवनका सपनाहरूमा पालुवा लाग्दै थिए। जबरजस्ती नगरवधु बनाइने भएपछि उ औधी आक्रोशित हुन्छे। सभा बस्छ। सभामा ९०२ जना सदस्य हुन्छन्। सामन्तपुत्र, व्यापारी लगायतका युवा भारदारहरू हुन्छन्। उनीहरू बहस गरिरहेका हुन्छन्। लिच्छवीको कानुनको पालना गराउन उत्तेजित देखिन्छन्। छिन-छिनमा खडा र तरवारको प्रदर्शन हुन्छ। माहोल उत्तेजित हुन्छ। यसैबीचमा महानामन्‌को प्रवेश हुन्छ। उसलाई एक्लै देखेर सभा क्रोधित हुन्छ। तर, श्वेत परिधानमा अम्बपालीको प्रवेश हुन्छ। उसले सभालाई सम्बोधन गर्छे र भन्छे यो तिमीहरूको 'धिक्कृत कानून' हो। व्यापारको केन्द्र भएकाले वज्जी संघ समृद्ध हुन्छ। समृद्धि र शक्तिको केन्द्र वैशालीलाई कसैले पनि कुनै आक्षेप लगाउन सकेको हुँदैन। तर समृंद्ध गणराज्यको कानूनलाई एउटी अबला नारीले 'धिक्कृत कानुन'को उपमा दिन्छे। सभाको निन्दा गर्छे। खडा र तरवार फेरि चम्किन्छन्। तर, अम्बपालीले अडान कायम नै राख्छे। 'नगरवधु'को प्रावधानलाई उसले वज्जी संघको गौरवमा कलंक भएको बताउँछे। के प्रकृतिप्रदत्त सुन्दरता नै आफ्नो अपराध हो भन्ने सीधा तर कठिन प्रश्न तेर्साउँछे।

आखिरमा तीनवटा शर्तमा मात्र नगरवधु बन्न तयार हुने बताउँछे। उ मृत्यु स्वीकार्न तयार छे तर आफ्ना शर्तहरूमा सम्झौता गर्न तयार छैन। ती तीनवटा शर्त हुन्छन्– पहिलो, राजालाई बराबर दरबार, सम्पत्ति, मुद्रा र सुविधा प्राप्त होस्। दोस्रो, उसको महलको सुरक्षा कुनै किल्लाको जस्तो होस्। अर्थात्, उसको बेग्लै सेना होस्। तेस्रो, उसको आवासमा आवतजावत गर्ने अतिथीहरूको कुनै जाँच गरिनेछैन।

सभाले तेस्रो शर्तमा कुनै कारणले जाँचपड्ताल गर्नुपरेमा एक हप्ता अगाडि नै खबर गर्ने संशोधन गर्दै सबै शर्त स्वीकार गर्छ। सिंगो राज्यलाई आफ्ना शर्तहरूको बलमा दबाएर अम्बपाली नगरवधु बन्छे।

**रहस्यहरू**

राजनीति अनेक दृश्य, अदृश्य खेल र समीकरणहरूले सञ्चालित हुन्छ। यिनै उपक्रममा राजनीतिले अनेकौ रहस्यहरू सिर्जना गर्छ। मदन भण्डारीदेखि नारायणहिटी हत्याकाण्ड हाम्रा निकट इतिहासका रहस्य हुन्। उसो त निर्वाचनका परिणामहरू पनि कम रहस्यपूर्ण हुँदैनन्। 'वैशालीकी नगरवधू' राजनीतिमा सृजित हुने घात-प्रतिघात र अनेकौं रहस्यहरूले भरिपूर्ण छ।

वज्जीसँग टक्कर लिने संमृद्ध राज्य छ मगध। जहाँ राजा बिम्बसार छन्। बिम्बसारको पिताको समयमा त्यहाँ गोविन्द स्वामी नामक वेदपाठी ब्राह्मण थिए। उनले एकदिन सम्राटलाई एउटा बालिका दिंदै उसको पालनपोषणको जिम्मा लिन आग्रह गरे। सम्राटले उक्त आग्रह स्वीकार गर्दै छोरा बिम्बसार सरह उनलाई छोरीको रूपमा पालनपोषण गर्ने वचन दिए। बालिकाको नाम मातंगी राखियो। गोविन्द स्वामीसँग अर्का एक शिष्य बालक पनि थिए जसको नाम वर्षकार थियो। उनी कसको सन्तान हुन् थाहा थिएन। बच्चा एघार वर्ष पुगेपछि गोविन्द स्वामीले स्रमाटलाई सुम्पिदैं राम्ररी शिक्षा-दिक्षा दिएर हुर्काउन र पछि महामात्य (महामन्त्री) बनाउन भन्छन्। स्वामीले कुनै पनि कारणले वर्षकार र मातंगीको बिहे नगराउनु भनेका हुन्छन्। तर, हुर्कदै जाँदा वर्षकार र युवराज बिम्बसार दुवै मातंगीप्रति आकर्षित हुन्छन्। यस विषयमा उनीहरूको झगडा पनि हुन्छ। तर लुकिछिपी मातंगीलाई भेट्न दुवैले छोड्दैनन्। यसैबीचमा मातंगी गर्भवती हुन्छिन्। त्यो गर्भ वर्षकार र बिम्बसारमा कसको हो भन्ने रहस्य मातंगीले खोल्दैनिन्। बच्चा जन्मिएपछि वर्षकारले दासीलाई उक्त शिशुलाई फाल्न लगाउँछ। फ्याकिएको शिशु महावैज्ञानिक सिद्ध शाम्बव्य काश्यपले भेट्टाउँछन् र पालनपोषण गर्छन्। उक्त शिशु पछि सोमप्रभको नामले परिचित हुन्छ। सोम तक्षशिलाबाट ज्ञान प्राप्त वीर, साहसी र कुशाग्र बुद्धिको हुन्छ। सम्राटको निधनपछि बिम्बसार राजा हुन्छन्। मृत्यु अगाडि उनले बिम्बसार र वर्षकारलाई सम्राट र महामात्य बन्न आदेश दिन्छन्। एउटा गोप्य पत्र दिंदै बिम्बसारको राज्यारोहणको तीन वर्षपछि खोल्नु र त्यतिनै बेला मातंगीको बिहे गर्नु लेखेका हुन्छन्। पछि खोलिंदा रहस्य बाहिर आउँछ। त्यसमा लेखिएको हुन्छ मातंगी वर्षकारको बहिनी भएकाले बिहे हुँदैन।

पत्र खोल्ने समयमा मातंगी फेरि गर्भवती हुन्छिन्। उनलाई वैशाली पठाइएको हुन्छ। उतै उनले गोप्य रूपमा एउटा कन्यालाई जन्म दिन्छिन् र स्वास्थ्यलाभ गरेर फर्किन्छिन्। कन्या वर्षकारको हुन्छ। जब पत्रले मातंगी र वर्षकारको सम्बन्धको रहस्य खोल्छ उनी निकै निराश हुन्छिन् र राजसुविधा त्यागेर तपस्विनी बन्छिन्। पछि उनी आर्य मातंगीको नामले प्रसिद्ध हुन्छिन्।

**बदला**

अम्बपालीमा केन्द्रित भए पनि 'वैशालीकी नगरवधू' अनेकौं उपकथाहरूमा उनिएको छ। तत्कालिन उत्तर भारतको समग्र राजनीति यसमा प्रतिबिम्बित छ। तत्कालिन राजनीतिको केन्द्रमा आर्यहरू छन्। आर्यहरूले राजनीतिमा हिंसालाई प्रशस्त स्थान दिएका छन्। राजनीतिमा शक्ति संघर्षमा अपनाइने अनेकौ दाउपेचहरूले कथा भरिएको छ। आर्चायपाद काश्यपले कुन्डनी नामक सुन्दरीलाई विषकन्याको रूपमा हुर्काएका छन्। चम्पा आक्रमणको क्रममा मगध महामात्य वर्षकारको पक्षमा कुन्डनीलाई प्रयोग गरिन्छ। चम्पा जाने बेलामा सोमप्रभ र कुन्डनी असुरहरूको कब्जामा पर्छन्। तर कुन्डनीले आफ्नो सुन्दरता र विषको बलमा असुरहरूको हत्या गर्छे। आचार्य वर्षकार रत्न व्यापारीको भेषमा चम्पामा घुस्छ। कुन्डनी उसको पुत्री बनेर राजाको दरबारमा छिर्छे। त्यहाँ पनि विषको बलमा राजाको हत्या गर्न सफल हुन्छे। आर्य राजनीति कुटिलता, हत्या र हिंसाले लतपतिएको हुन्छ। तथापी युद्धलाई जायज नै ठहराइन्छ।

युद्धलाई वैधानिकरण गर्ने प्रयत्नमा एक प्रसंगमा आचार्य शाम्बव्यले भन्छन्– 'युद्ध जीवनको अपरिहार्य घटना हो। युद्ध मानव सभ्यताको इतिहास हो।'

अर्को एउटा बलशाली राज्य छ– कोसल। कोसलका राजा प्रसेनजित् अति नै यौनपिपासु हुन्छन्। उनले कपिलवस्तुका शाक्यसँग वैवाहिक सम्बन्ध गाँसेका हुन्छन्। शाक्यहरूले छल गरेर दासीसँग बिहे गराइदिएका हुन्छन्। जसबाट विदुडभको जन्म हुन्छ। आफू दासीपुत्र भएको ज्ञात भएपछि विदुडभ आक्रोशित हुन्छ।

किनभने ऊ जस्ता वर्णसंकरलाई राज्यसत्तामा ठाउँ हुँदैन। त्यसैले ऊ शाक्य कुल नास गर्न उद्यत हुन्छ। उ आर्यहरूमाथि बदला लिने मनसायमा हुन्छ। प्रसेनजित्‌सँगको बहसमा विदुडभले भन्छ– 'आर्यहरूले घृणा गर्ने दासीपुत्र, वर्णसंकरहरूलाई हामी सार्वजनिक गराउनेछौ। हामी आर्यहरूको सम्पूर्ण अधिकार, सबै राज्य र सबै सत्ता खोस्नेछौं।'

आचार्य चतुरसेनले विदुडभ मार्फत् आर्यको विरोधमा वर्णसंकर र दासहरूको पक्ष लिएका छन्। 'वैशालीकी नगरवधू' आर्य साहित्यको गह्रौ भारीले थिचिएर अव्यक्त रहेका वर्णसंकर र दासहरूको पक्षमा लेखिएको साहित्य हो। सन् १९४९मा उपन्यासको भूमिकामा आचार्य चतुरसेनले इतिहासकारहरूले नदेखेको तर मिश्रित जातिले आर्यको धर्म, साहित्य, राजसत्ता र संस्कृतिमाथि विजय प्राप्त गरेको प्रगतिशील संस्कृति उजागर गरेको स्वीकारेका छन्।

प्रसेनजित्‌को सुरक्षा दिने वीर बन्धुल हुन्छन्। लामो संघर्ष पछि सोमप्रभले बन्धुलको हत्या गरेर विदुडभलाई राजा बनाउँछ।

अम्बपालीको प्रथम प्रेमी हर्षदेव व्यापारीको भेषमा चर्चित हुन्छ। उसले वैशालीमाथि बदला लिने प्रण गरेको हुन्छ। उसले मगध सम्राट बिम्बसार र अम्बपालीको भेट गराउँछ। अम्बपाली मगधको भावी सम्राटको माता बन्ने शर्तमा बिम्बसारसँग प्रणयसम्बन्ध राख्न मञ्जुर हुन्छिन्।

मगधले वैशालीमाथि आक्रमण गर्छ। वैशाली आक्रमणको प्रतिरोधको लागि पुरा तयारी गरेर बसेको हुन्छ। तर, वैशालीभित्रैबाट मगधलाई सहयोग मिलिरहेको हुन्छ। अम्बपालीको आवासगृहले गुप्तरूपमा मगधलाई सहयोग गर्छ। मगधको सैन्य नेतृत्व आर्य मातंगीका पुत्र सोमप्रभले गरेको हुन्छ। भीषण युद्ध हुन्छ। भीषण युद्धको समयमा राजा बिम्बसार बेपत्ता हुन्छ। सोमले युद्धको खास उद्देश्य नगरवधूलाई राजमाता बनाउने हो भन्ने थाहा पाएपछि युद्ध अन्त्य गर्छ। सोमले सम्राट विम्बसारलाई पक्राउ गरी कैद गर्छ। पछि आर्या मातंगीले सबै रहस्य खोलिदिन्छिन्। थाहा लाग्छ, सोमप्रभ सम्राट बिम्बसारको छोरा हुन्छ। अम्बपाली उसकी बहिनी हुन्छे। तर अम्बपालीको पिता वर्षकार हुन्छ। यसरी उपन्यासको पुर्वाद्धमा अम्बपालीको जन्मको रहस्य पट्टाक्षेप हुन्छ।

**बुद्ध शरण् गच्छामी**

भीषण युद्धको एक वर्षपछि गौतम बुद्ध वैशाली आउँछन्। वैशाली सुनसान हुन्छ। अम्बपालीको महलको दैलो बन्द भएको एक वर्ष भईसकेको हुन्छ। उनले गोप्य रूपमा बालकलाई जन्म दिन्छिन्। त्यो बालक बिम्बसारको पुत्र हुन्छ। बालक भावी मगध सम्राटको रूपमा मगध पठाइन्छ। बुद्धको आगमनको खबर सुन्नासाथ अम्बपाली बुद्धको दर्शन गर्न जान्छिन्। बुद्ध ८० वर्ष पुगिसकेका हुन्छन्। अम्बपालीले भोजनको निमन्त्रणा गर्दछिन्। लिच्छवीहरूले भोजनको निमन्त्रणा गर्दा बुद्धले अम्बपालीलाई वचन दिइसकेको बताउँछन्। लिच्छवीहरूले फेरी एकपटक अम्बपालीसँग हार महसुस गर्छन्।

आफ्नो विशाल महलमा बुद्ध र समस्त भिक्षुहरूलाई भोजन गराइसकेपछि अम्बपालीले बुद्धसँग कुनै भिक्षुको उत्तरीय (काँध ओढ्ने वस्त्र) माग्छिन्। भिक्षु आनन्दले दिन्छन्। अम्बपाली भित्र जान्छिन्। आउँदा उनी केवल उत्तरीयमात्र बेरेकी हुन्छिन्। न कुनै आभुषण, न कुनै वस्त्र। बुद्धसँग उनी प्रव्रज्या माग गर्छिन्। कुनै बेला आफ्नो रूप र यौवनले संसार जितेकी, धन, सम्पत्ति, सेना, कुनैमा कमी नभएकी अम्बपाली केवल भिक्षा मागिएको उत्तरीयमा बेरिएर बुद्धको शरणमा जान्छिन्। कथाको अन्तिममा थाहा लाग्छ, अम्बपालीलाई मौन प्रेम गर्ने सोमप्रभ भिक्षु भईसकेको हुन्छ।

समकालिन राजनीतिमा अनेकौं उतारचढाव आइरहँदा आचार्य चतुरसेनको पुनः स्मरण हुन्छ। 'वैशालीकी नगरवधू' मार्फत् उनले सामन्ती राजनीतिको अनकों जालझेल चित्रण गरे। आधुनिक राजनीति पनि जालझेल, कपट भन्दा पर छैन। उसो त जिज्ञासाको हत्या उतिबेला पनि र अहिले पनि जायज ठहरिन्छ। एउटा सन्दर्भमा आचार्य शाम्बव्यले सोमप्रभलाई भन्छन्– 'राजनीतिमा अतिकौतुहलता जायज हुँदैन।' यहीं वाक्यले समकालिन नेपाली राजनीतिमा छाएको मौनताको बाक्लो बादल बुझ्न सघाउँछ। आखिर हाम्रो दासता र मौनता पनि यसरी नै सिर्जना गरिएका त हुन्।

आचार्य चतुरसेनले उपन्यासलाई घटनाप्रधान गराउँदा गराउँदै पनि कैयौ ठाउँमा उनले जादुयी यथार्थवादको भरपुर प्रयोग गरेका छन्। विषयलाई अतिशयोक्ति बनाउन पनि कुनै कसर बाँकी राखेका छैनन्।

बुद्धको अन्तिम धर्मचक्र प्रवर्तनमा २ लाख मानिसको उपस्थिति र मगध-वैशाली लडाईमा दस दिनमा ९६ लाख नरसंहारको आंकणा अपत्यारिलो लाग्छ। बुद्ध र महावीर जैनले तत्कालिन समाजको धर्म, संस्कृति र राजनीतिमा सुधारको लागि गरेको हस्तक्षेपको चित्रणले हाम्रो वर्तमान सभ्यता इतिहास पुरानो अनेकौ द्वन्द्वको प्रतिफल हो भनी स्वीकार्न करै लाग्छ। बन्धुल श्रीमती रोहिणीको मुखबाट आचार्य चतुरसेनले दास प्रथाको विरोध गरेका छन्।

'वैशालीकी नगरवधु'ले हामीलाई हाम्रो भुगोलको सुदुर विगत प्रतिबिम्बित गर्छ भने त्यसको आलोकमा वर्तमान राजनीतिका उतारचढाव, घात-प्रतिघात र रहस्यहरू महसुस गर्न सघाउँछ।

---

**इभान...**

उनी आफूलाई ज्यादै अभागी सम्झन्थिन् र मनमनै रुष्ट हुन्थिन्। उनी बलजफ्ती त्यो रोषलाई दबाउने समेत चेष्टा गर्थिन् र यो देख्ता त उनका पतिको जड अझ बढेर जान्थ्यो।

एकपल्ट जोईपोइमा ठूलो रडाको मच्चियो र इभान इल्यीचले आफ्नी पत्नीमाथि भए-नभएको दोषारोपण गरे। त्यो दोषारोपण कतिसम्म निराधार थियो भने उनको मिजार यस्तो जंगी हुन गएको हो भन्ने पनि उनले स्वीकार गरे। यदि उनी वास्तवमा बिरामी नै छन् भने त्यसको उपचार गराइहाल्नु जरुरी हुन्छ भनेर उनकी पत्नीले जवाफ दिइन् र तुरुन्त कुनै नामी डाक्टरलाई जँचाएर आवश्यक सल्लाह लिनुपर्छ भन्ने पनि आग्रह गरिन्।

इभान इल्यीचले पनि त्यस्तै गरे। उनी डाक्टरकहाँ पुगे। सबै कुरा त्यस्तै थियो जस्तो सदैव नै हुने पनि गर्छ। डाक्टरले निकै बेरसम्म कुर्न लगाइसकेपछि बडो रोब देखाएर उनलाई हेर्‍यो। इभान इल्यीचको निम्ति यस्तो अभिनय कुनै नौलो कुरो थिएन, किनभने उनी स्वयं पति त कचहरीमा यस्तै रोबिलो व्यवहार गर्नेगर्थे। डाक्टरले उनको आङमा औंलाले ट्वाकट्वाक गरेर जाँच्यो, ढुङ्ग्रोमा कान थापेर सुन्यो र थुप्रै प्रश्नहरू सोध्यो। इभान इल्यीच पनि जवाफ दिंदैथिए। थाहा भएकै कुरा हो ती प्रश्नहरू एकदमै अनावश्यक थिए, किनभने उत्तर त डाक्टरलाई पहिलेबाटै थाहा थियो। अनि डाक्टरले बडो गम्भीर मुद्रा धारण गरेर उनीतर्फ हेर्‍यो जसको अर्थ थियोः 'धन्दा नमान्नोस्! सब कुरा ठीक भैहाल्नेछ। खालि तपाई आफूलाई मेरो हातमा सुम्पिदिनोस्। बस्, यत्ति मात्र चाहिएको छ। रोगको उपचार त आखिर मलाई मात्रै थाहा छ।' हरेक रोगीप्रति डाक्टरको एकै प्रकारको व्यवहार हुनेगर्छ। सबै कुरा ठीक त्यस्तै थियो जस्तो कचहरीहरूमा हुनेगर्छ। अदालतमा अभियुक्तप्रति स्वयं इभान इल्यीच जुन किसिमको रोबरवाफ देखाउने-गर्थे ठकि त्यस्तै रोबरवाफ त्यस प्रसिद्ध डाक्टरले पनि उनीप्रति देखाएको थियो।

डाक्टरले रोगको निदान गर्दै भनेको थियोः "यस लक्षणबाट के अनुमान लगाउन सकिन्छ भने तपाईंलाई यस्तो यस्तो रोग छ, परन्तु जाँच गरेर हेर्दा परिणाम हाम्रो अनुमानबमोजिम ठीक मिल्न आएन भने तपाईंलाई यो यो रोग लागेको हुनु पनि सम्भव छ। अनि तपाईलाई यो वा त्यो व्यथाले च्यापेको रहेछ भन्ने मान्ने हो भने चाहिं त्यस हालतमा ....इत्यादि।" इभान इल्यीच मात्र एउटै प्रश्नको उत्तर थाहा पाउन उत्सुक थिएः "मेरो अवस्था चिन्ताजनक छ कि छैन ?" परन्तु डाक्टरले यस प्रश्नलाई कुठाउँमा परेको ठान्यो र कुनै जवाफ दिएन। यो प्रश्न नै असंगत हुनाले त्यसमाथि विचार गर्नु नै व्यर्थ छ भन्ने डाक्टरको दृष्टिकोण थियो। मुख्य प्रश्न त सम्भावनाहरूको लेखाजोखा गर्नु नै थिया–मृगौंलाको सूजन हो, आउँमासी र आन्द्राको अल्सरको दोष हो ? इभान इल्यीचको जीवनको त कुनै प्रश्न नै उठेको थिएन। प्रश्न त खालि मृगौंलाको सूजन र आन्द्राको अल्सरको मात्रै पो थियो। डाक्टरले अत्यन्त विद्वतापूर्वक आखिर अल्सरकै पक्षमा आफ्नो पक्षमा आफ्नो मत प्रकट गर्‍यो। साथै उसले के पनि भन्यो भने पिसाब जाँचिसकेपछि चाहिं कुनै अरु कुरा पनि पत्ता लाग्ने सम्भावना छ र त्यस्तो स्थितिमा फेरि दोहोर्‍याएर विचार गर्नु जरुरी हुनेछ। ठीक त्यस्तै कुरा स्वयं इभान इल्यीचले पनि हजारौंपटक अभियुक्तहरूको समक्ष बडो विद्वतापूर्वक भन्दै आएका थिए। डाक्टरले पनि यस्तै विद्वतापूर्ण निष्कर्ष निकालेको थियो र विजयोल्लास मात्र प्रकट नगरी अझ गद्गद समेत हुँदै आफ्नो चश्माको माथिबाट आफ्नो गाहकउपर नजर फ्याँकेको थियो। डाक्टरको निष्कर्षबाट इभान इल्यीचले आफ्नो हालत चिन्ताजनक नै भएको निचोड निकाले। तर यसको चिन्ता न डाक्टरलाई छ, न त अरु कसैलाई! यस निचोडबाट इभान इल्यीचको चित्त साह्रै नै दुख्यो र उनलाई नमज्जा लाग्यो। यस्तो महत्त्वपूर्ण प्रश्नप्रति डाक्टरको बेवास्ता देखेर उनलाई साह्रै रीस समेत उठ्यो। परन्तु उनले कुनै गुनासो गरेनन्। उनी उठे, डाक्टरको फीस टेबिलमाथि थपक्क राखिदिए र लामो सास फेरेर भने–

"रोगीहरूको उतपटाङ प्रश्नहरू सुन्दा सुन्दा त तपाईंलाई वाक्कै पनि लागिसक्यो होला र यस्तो प्रश्न गरेको सुन्ने त तपाईलाई बानी समेत परिसक्यो होला। किन्तु सामान्यतया मेरो रोग खतरनाक छ कि छैन ? के यत्ति बताइदिन सक्नुहुन्छ कि ?"

डाक्टरले चश्मामाथिबाट एक तीक्ष्ण दृष्टि उनीतर्फ फ्याँक्यो, मानौं ऊ भनिरहेको होस्ः 'ए, अभियुक्त! जुन प्रश्न सोध्ने तिमीलाई अनुमति दिइएको छ त्यसको सीमा उल्लंघन गरेर बोल्न थाल्यौ भने मैले तिमीलाई इजलासबाट बाहिर निकाल्ने आदेश दिनुपर्नेछ है, हेर!'

"मैले जे जति उचित र आवश्यक ठानेको छु सो सबै तपाईंलाई बताइहालें!"– डाक्टरले जवाफ दियो। – "अरु कुरा त अब जाँचपछि मात्रै पत्ता लाग्नेछ।"

अनि डाक्टरले केही झुकेर अभिवादन गर्दै उनलाई बिदा गर्‍यो।

इभान इल्यीच बिस्तारै बाहिर निस्किए, चूपचाप आफ्नो बग्गीमा चढे र घरतर्फ रमाना भए। बाटोभरि नै उनले मनमनै डाक्टरले भनेको कुरा दोहोर्‍याइरहे र ती अन्योलमा पार्ने अस्पष्ट वैज्ञानिक शब्दहरूको उल्था यस्तो साधारण भाषा गर्ने प्रयास गरिरहे जसले गर्दा तिनबाट आफ्नो प्रश्नको स्पष्ट उत्तर पाउन सकिन्थ्योः 'मेरो हालत ज्यादै खराब र नाजूक नै भैसक्यो कि अझै उतिसारो केही बिग्रेको छैन?' उनलाई के लागिरहेको थियो भने डाक्टरले जे जति भन्यो त्यसको सारांश चाहिं हालत निकै खराब भैसक्यो भन्ने नै हो। त्यसपछि त बाटोभरि जुन कुरामा दृष्टि परे पनि उनलाई ज्यादै नै उराठलाग्दो प्रतीत हुन लाग्यो। बग्गी हाँक्ने कोचवानहरू ज्यादै उदास देखिन्थे, बाटो हिंड्ने मानिसहरू पनि शोकाकूल थिए, घर र पसलहरू पनि नियास्रोलाग्दा थिए। डाक्टरको दुर्बोध शब्दहरूको सम्झना गर्दा त उनको कोखामा अलि-अलि दुख्ने र जहिले पनि चसक्क चस्किरहने पीडाले पनि अर्कै, अझ बढी गम्भीर अर्थ ग्रहण गर्‍यो। अझ बढी र नयाँ व्याकुलता मनमा लिएर अब उनी त्यसको बारेमा सोच्न लागे।

घर पुगेर उनले सारा कुरा आफ्नी पत्नीलाई बताए। उनी सुनिरहेकी थिइन्, तर कथा आधा मात्र भनिसिद्धिएको के हुँदो हो उनकी छोरी टाउकोमा टोपी ढल्काएर त्यहाँ आइपुगी। आमाछोरी दुवै जना कतै बाहिर जान तैयार थिए। छोरीले केही बेरसम्म त विवश भएर नै यो नीरस कथा सुनी, तर लामो समयसम्म सुनिरहने धैर्य उसमा थिएन। प्रस्कोभ्या फ्योदोरोभ्नाले पनि त्यो कथा अन्त्यसम्म सुनिनन्।

"तपाईंले डाक्टर जँचाएर ज्यादै राम्रो गर्नुभयो।"– पत्नीले भनिन्।– "अब बेला-बेलामा औषधि पनि खान नबिर्सनुहोला! खै, नुस्खा कहाँ छ ? ल्याउनोस् त यता!"– अनि उनी लुगा फेर्न हिंडिहालिन्।

पत्नी कोठामा रहुञ्जेल त उनले सास रोकि नै राखे, त्यसपछि उनले गहिरो र लामो सास फेरे। अनि भने– "हुँ! हालत त्यति खराब छैन होला जति म ठान्दैछु!"

उनले ओखती खान शुरु गरे र डाक्टरका सबै निर्देशनहरूको पनि पालना गर्न थाले। पिसाबको जाँचपछि त्यस निर्देशनमा हेरफेर गरियो। तर यस विश्लेषण र त्यसपछि जे हुनुपर्ने थियो त्यसमा चाहिं कुनै तालमेल मिलिरहेको थिएन। डाक्टर भेट्न पनि सजिलो थिएन। परन्तु स्थिति चाहिं त्यस्तो थिएन जस्तो डाक्टरले भनेको थियो। कि त डाक्टरले कुनै भूल गरेको हुँदो हो, नत्र भने उसले रोगीको अगिल्तिर झूठो बोलेको थियो वा कुनै कुरा लुकाएको थियो।

तैपनि इभान इल्यीचले डाक्टरले निर्देशनको पूरापूर गलत गरे र यसबाट उनलाई शुरु-शुरुमा किञ्चित् सान्त्वना समेत प्राप्त भएको थियो।

डाक्टरलाई जँचाएपछि त आफ्नो शारीरिक स्थितिको हरेक सानोतिनो परिवर्तन र खास गरी आफ्नो पीडाप्रति विशेष ध्यान दिनु नै इभान इल्यीचको मुख्य काम हुन गयो। उनी औषधि खाने गर्थे, स्वास्थ्यरक्षासम्बन्धी डाक्टरका निर्देशनहरूको पालना गर्नेगर्थे। मानव-स्वास्थ्य र रोगव्याधिमा नै अब इभान इल्यीच सबभन्दा बढी रुचि लिनेगर्थे। जहिले पनि उनको उपस्थितिमा कसैले बिरामी परिरहेको वा मरिसकेको वा स्वास्थ्यलाभ गर्दैरहेको कुनै अर्को व्यक्तिको चर्चा गर्दा र खास गरी अझ उसको रोग पनि इभान इल्यीचको रोगसँग मिल्दोजुल्दो छ भने त उनी आफ्नो उकुसमुकुस दबाउने प्रयास गर्दै अति ध्यानपूर्वक उसको कुरा सुन्नेगर्थे, प्रश्न माथि प्रश्न सोध्थे र मनमनै उसको रोगसँग आफ्नो रोग दाँजेर हेर्थे।

उनको कोखाको व्यथा भने जस्ताको तस्तै रह्यो। परन्तु इभान इल्यीचले आफ्नो रोग निको हुँदैगइरहेको छ र पहिलेको तुलनामा अवस्था बढी राम्रो रहेको छ भन्ने आफूलाई विश्वास पार्ने प्रयास गर्दैरहे। यसरी आफ्नो स्थिति सामान्य रहुञ्जेल उनले आफूलाई भ्रममा पार्दैरहे। परन्तु जब आफ्नी पत्नीसँग उनको ठाकठुक पर्थ्यो अथवा कचहरीमा कुनै अप्रिय घटना घट्थ्यो वा तास खेल्दा नराम्रा चक्कीहरू मात्र हातमा पर्थ्यो, त्यस बेला उनलाई आफ्नो रोगको बडो तीव्रताका साथ अनुभव हुन थाल्थ्यो।

» क्रमश...

---

**व्यवसायिक....**

रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले सिमानाकाबाट अवैध रुपमा कर छलिका सामान भित्रिंदा यहाँका उद्योगी व्यवसायी वर्षौंदेखि समस्यामा रहेको गुनासो गरे। साथै उनले अवैध चोरी पैठारी नियन्त्रण र भन्सारमा थप कडाइ गर्न आवश्यक देखिएको बताए। यस्तै भैरहवा भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपानेले जेनजी आन्दोलनमा भन्सार कार्यालयको भवनमा ठूलो क्षति पुगेपछि अस्थायी संरचनाबाट भए पनि नियमित सेवा प्रदान गर्दै आएको जनाए। खुला सीमाबाट हुने तस्करी रोक्न सशस्त्र प्रहरीसँगको सहकार्यमा संयुक्त गस्ती भइरहेकोले सीमा क्षेत्रमा नयाँ गोदाम दर्ता रोकिएको उनले जानकारी दिए।

कार्यक्रममा संघका संस्थापक अध्यक्ष मोतीराज ज्ञवालीले संघ स्थापनाको अवस्थालाई स्मरण गर्दै उनले संघको हित विपरीत कुनै गतिविधि हुन नदिन सबै लाग्नु पर्ने धारणा राखे।

उनले संघलाई यहाँसम्म ल्याइपुर्‍याउन सबैको भूमिका रहेको र संस्थापक अध्यक्षको हैसियतमा सधैं संघको विकासमा आफू प्रतिबद्ध रहने पनि बताए। सोही अवसरमा संघका कर्मचारी तथा विभिन्न संघसंस्था र व्यक्तिहरुलाई सम्मान समेत गरिएको थियो। कार्यक्रम संघका अध्यक्ष दीपक अधिकारीको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष प्रकाश ढकालको स्वागत तथा महासचिव फर्सुराम पन्तको सञ्चालनमा सम्पन्न भएको थियो।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# रोयल इनफिल्डको ३५० सीसीको मेटिएर बाइक लन्च




बुटवल । रोयल इन्फिल्ड मोटरसाइकलको आधिकारिक बिक्रेता गैरे प्रतिष्ठान प्रा.लि. बुटवलले शुक्रबार ३५० सीसीको नयाँ मेटिएर बाइकको लञ्चिङ्ग गरेको छ । यो बाइक नेपालका सबै आधिकारिक बिक्रेताहरुले शुक्रबार एकै साथ बिक्री शुभारम्भ गरेका छन् ।

बुटवलमा गैरे प्रतिष्ठानका संरक्षक बालकृष्ण गैरे, बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष हिमाल गैरे र प्रतिष्ठानका अध्यक्ष प्रेम गैरेले संयुक्तरुपमा बिक्री शुभारम्भ गरेका हुन् ।

विभिन्न ५ वटा कलरमा उपलब्ध मेटिएर मोटरसाइकल नयाँ लुक्स र स्टाइलिसमा भएको हुँदा यसमा यात्रा गर्दा आरामदायी हुने भएकाले यो बाइकलाई क्रुजिङ्ग बाइक पनि भन्ने गरिएको छ ।

इजी क्रुज यो बाइक फयरवल, स्टेलर, आरोरा र सुपरनोभा नामक चार भेरियन्टमा रहेको र यसको मूल्य ५ लाख ७७ हजारबाट शुरु भई ५ लाख ९७ हाजरसम्म रहेको गैरे प्रतिष्ठानका मेनेजिङ डाईरेक्टर प्रवेशराज गैरेले बताए । गैरेका अनुार यो बाइकमा एल एडी हेड ल्याम्पलगायतका धेरै सुविधाहरु उपलब्ध रहेको र दशकौंदेखि रोयल इन्फिल्डको शुद्ध र आविकल सवारी साधनको रुपमा रहेको छ ।

मेटिएर ३५० सीसी बाइक नयाँ पुस्ताका लागि निकै नै लोकप्रिय रहेको र यो बाइकलाई मोटरसाइकल विशेषज्ञहरुले "थार ब्रैड इजी क्रुजरको" को रुपमा मान्यता दिएको प्रतिष्ठानका अध्यक्ष प्रेम गैरेले बताए । अध्यक्ष गैरेका अनुसार सुरुवाती वर्षमै प्रतिष्ठित इण्डियन मोटरसाइकल अफ द इयर २०२१ मा पुरस्कृत भएको र विश्वका धेरै देशबाट पुरस्कार प्राप्त गरेको रोयल इन्फिल्ड बाइकमा अबदेखि ७ वर्षसम्मको विस्तारित वारेण्टीको सुविधा रहेको छ ।

सन १९०१ देखि ब्रिटेनबाट निरन्तर उत्पादन सुरु भएको रोयल इन्फिल्ड इण्डियाको मन्द्रास र हालको चेन्नईमा १९५५ मा पहिलो उत्पादन भएको थियो भने पछिल्लो समय विभिन्न देशका ७ आधुनिक सिकेडी प्रान्टबाट एसेम्बेलिङ्ग हुँदै आएको छ ।

गैरे प्रतिष्ठानले नवलपुर जिल्लाको कावासोतीमा रहेको रोयल इन्फिल्डको शाखामा समेत नयाँ ३५० सीसीको मेटिएर बाइकको बिक्री शुभारम्भ गरिएको प्रतिष्ठानका कार्यकारी प्रमुख लक्ष्मी गैरेले बताइन् । उनका अनुसार बुटलमा नयाँ भेरिएन्टको छ वटा बाइक आएकोमा लञ्चिङ्गकै दिन ६ वटै बाइक बिक्री भएको छ ।

# फर्चिनर व्यवसायी संघ रूपन्देहीमा काफ्ले



बुटवल । फर्चिनर व्यवसायी संघको २६औँ साधारणसभा तथा १३औँ अधिवेशनबाट संस्थाको अध्यक्षमा जीवकान्त काफ्ले निर्वाचित भएका छन् । काफ्लेको नेतृत्वमा १८ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको निर्वाचन अधिकृत लोकप्रसाद खरेलले जानकारी दिए ।

वरिष्ठ उपाध्यक्षमा नेत्र रावल, उपाध्यक्षमा अशोक कुन्दर, महासचिवमा खिमबहादुर खड्का, कोषाध्यक्षमा काशीराम पोखरेल, तथा सचिवमा अनिरुद्ध खनाल चयन भएका छन् । यस्तै सह-कोषाध्यक्षमा सोनु गुप्ता निर्वाचित भएका छन् ।

सदस्यहरुमा प्रकाश पराजुली, हरिप्रसाद भण्डारी, सत्यनारायण बुढाथोकी, प्रेमबहादुर गौतम, देवन्द्र शर्मा, नारायणदत्त शर्मा, भोजराज पाण्डे, विनोद बि.क., रुद्रबहादुर बि.क. चयन भएका छन् । महिला सदस्यतर्फ पूजा अग्हेरी र मीना देवी भण्डारी चयन भएका हुन् ।

यसअघि भएको उद्घाटन समारोहमा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले व्यवसायी दर्ता कानुनसंवत कार्य गरेमा बुटवलले सधैं साथ सहयोग गर्दै आएको बताउँदै आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । फर्निचर व्यवसायी संघ रुपन्देहीका अध्यक्ष तेजप्रसाद पराजुलीले आफ्नो कार्यकालमा भएका कार्यहरु बताउँदै फर्निचर व्यवसायका मुख्य समस्या सुनाएका थिए ।

# रामग्राममा राष्ट्रिय लेडी जेसीज एकेडेमी हुने

नवलपरासी । नेपाल जेसीजले गौतमबुद्धको अन्तुधातु रहेको रामग्राम नगरमा दुई दिने राष्ट्रिय लेडी जेसीज एकेडेमीको आयोजना गरेको छ । शनिबार राष्ट्रिय लेडी जेसीज एकेडेमीको राष्टियसभाकी उप-सभामुख विमला घिमीरेले उद्घाटन गर्ने जेसीज रामग्रामले जनाएको छ ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा देशभरका १९ लेडी जेसीज शाखाका १ सय बढी युवा महिलाहरुको सहभागिता रहने छ । महिला जेसीज बाहेकका महिलाहरु पनि कार्यक्रममा सहभागी भएर प्रशिक्षण लिन सक्ने रामग्राम लेडी जेसीजले जनाएको छ ।

कार्यक्रममा व्यवसायिकदेखि नेतृत्व र क्षमता विकाससम्बन्धी प्रशिक्षण दिइने रामग्राम लेडी जेसीजकी अध्यक्ष प्रिति अग्रहरिले बताएकी छन् । कार्यक्रममा विषयगत क्षेत्रका चार जनाले प्रशिक्षण दिने छन् । प्रशिक्षणपश्चात् स्थानीयस्तरका महिलाहरुको नेतृत्व विकाससँगै उद्यमशिलता, शिक्षा, स्वास्थ्य, सामाजिक चेतनालगायतका विषयमा परिवर्तन आउने विश्वास लिइएको कार्यक्रम संयोजक रिंगला यादवले जानकारी दिइन । कार्यक्रम सफल बनाउनका लागि रामग्राम लेगी जेसीज लागेको छ ।

सम्मेलनमा सहभागीलाई गौतमबुद्धको अन्तुधातु रहेको रामग्रामको अवलोकन र त्यसको महत्यका बारेमा जानकारी दिने र पाल्ही भगवतिको दर्शन गराउने कार्यक्रम रहेको छ ।

## न्यू होराइजन प्रदेशस्तरीय क्वीज :

# सुनगाभा, अक्सफोर्ड, मेचीकाली, नवज्योति, जनता र रेन्बो मावि फाइनलमा



बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालय बुटवलले हरेक वर्ष गर्दै आएको प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिताको ३२औं संस्करण शुक्रबारदेखि सुरु भएको छ । विद्यालयले प्रथम चरणको छनोट कार्यक्रम शुक्रबार बुटवल, पाल्पा र दाङमा एकैपटक गरेको छ । जसअनुसार बुटवल केन्द्रमा ६८ वटा विद्यालयले प्रतिस्पर्धा गरेकामा सुनगाभा बोर्डिङ्ग सैनामैना प्रथम र अक्सफोर्ड मावि बुटवल दोस्रो भएका प्रतियोगिताका मूल संयोजक एवं बुटवल केन्द्र संयाजक मनोज सिलवालले जानकारी दिए ।

पाल्पा केन्द्रमा ३४ विद्यालय सहभागी भएकामा जनता मावि तानसेन प्रथम र रेन्बो बार्डिङ्ग गुल्मी दोस्रो भएका केन्द्र संयोजक प्रकाश पन्तले जानकारी दिए ।

दाङ केन्द्रमा ४० विद्यालय सहभागी भएकामा मेचीकाली आवासीय मावि घोराही प्रथम र नवज्योति जनता मावि बबई दोस्रो भएको केन्द्र संयोजक प्रकाश गौतमले जानकारी दिए ।

तीन वटा केन्द्रमा प्रथम र दोस्रो भएका ६ वटा विद्यालय प्रतियोगिताको मंसिर १३ गते बुटवलमा हुने फाइनल प्रतिस्पर्धामा प्रवेश गरेका छन् ।

विद्यार्थीहरुमा अन्तरनिहित बौद्धिक प्रतिभा प्रस्फुटन र विद्यालयहरुबिच आपसी सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले विद्यालयले २०५० सालदेखि क्वीज प्रतियोगिता सुरु गर्दै आएको छ । प्रतियोगिताको बुटवल केन्द्रको उद्घाटन एक कार्यक्रमका बिच बुटवलको न्यू होराइजन मा.विमा उद्घाटन गरिएको थियो । विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायको अध्यक्षता तथा शिक्षा समन्वय इकाई रुपन्देहीका प्रमुख माधव बञ्जाडेको प्रमुख आतिथ्यतामा कार्यक्रम सुरु भएको हो । प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि बञ्जाडेले यस्ता प्रतियोगिताले विद्यार्थीहरुको क्षमता वृद्धिमा मद्दत मिल्ने बताए । साथै उनले अबको शिक्षण सिकाइ प्रविधिमा आधारित हुनुपर्ने र एआइ, च्याट जीपीटलाई पनि शिक्षकले चलाउन सक्ने हुनुपर्ने बताए ।

विद्यालय प्राचार्य लोकनाथ उपाध्यायले विद्यालयले पाठ्यक्रमको ज्ञानसँगै अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिएको बताए । विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजुले गुणस्तरीय शिक्षा दिने उद्देश्यले २०४६ सालमा स्थापित न्यू होराइजनले शैक्षिक क्षेत्रमा विशिस्ट पहिचान बनाउँदै आएको बताए ।

कार्यक्रममा न्यू होराइजनका उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल र राजीव श्रेष्ठ, हिसान रुपन्देहीका उपाध्यक्ष मधुप्रकाश ज्ञवाली, अभिभावक संघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, हाजिरी जवाफ कार्यक्रमका मूल संयोजक मनोज सिलवाललगायतले आफ्ना धारणा राखेका थिए । फाइनलमा प्रथम हुनेले ४० हजार, दोस्रोले २५ हजार र तेस्रोले २० हजारसहित शिल्ड, ट्रफि र प्रमाणपत्र पाउनेछन । गत वर्षको ३१औं संस्करणमा बुटवलको एभरेष्ट बोर्डिङ्ग स्कुल प्रथम, दाङ तुल्सीपुरको अमर बोर्डिङ्ग स्कुल द्वितीय र पाल्पाको जनता मावि तानसेन तृतीय स्थानमा रहेका थिए ।

आयोजक विद्यालयले पहिलो चरणकोहिट राउण्डमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने विद्यालयलाई समेत नगदसहित पुरस्कृत गरेको छ ।

# बुटवल हस्पिटलमा रक्तदान




बुटवल । यस क्षेत्रमा रगतको चरम अभाव भइरहेका बेला बुटवल हस्पिटल प्रा.लि.ले वृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । विश्व मधुमेह दिवसको अवसर पारेर आयोजित उक्त कार्यक्रममा अस्पताल परिसरमै १०१ युनिट रगत संकलन भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णप्रसाद खनालले जानकारी दिए ।

वार्षिक कार्ययोजनाअनुसार वर्षमा दुई पटक रक्तदान कार्यक्रम गर्दै आएको बुटवल हस्पिटलले हाल रगत अभाव अत्यधिक भएको जानकारी पाएपछि आकस्मिक रुपमा यो कार्यक्रम आयोजना गरेको हो ।

रक्तदान कार्यक्रमको उद्घाटन गर्दै अस्पतालका अध्यक्ष चुन्नप्रसाद पौडेलले सामाजिक उत्तरदायित्वअन्तर्गत हस्पिटलले नियमित रुपमा रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएको बताए ।

एक पोका रगतले बिरामीको ज्यान बचाउन सकिने भएकाले रक्तदान अत्यन्तै महत्वपूर्ण सामाजिक कार्य भएको उनको भनाइ थियो ।

कार्यक्रममा बुटवल हस्पिटल प्रा.लि.का उपाध्यक्ष ललितप्रसाद खरेल, सचिव मोहनप्रसाद पाण्डे, मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णप्रसाद खनाल, वरिष्ठ फिजिसियन डा. नन्दुप्रसाद पाठक, रक्तसञ्चार केन्द्रकी प्रमुख राधा शर्मा, स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष कृष्ण चौहानलगायतले रगतको महत्वबारे मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा अस्पतालका चिकित्सक, कर्मचारी, बिरामीका आफन्त तथा शुभेच्छुकहरूले उत्साहपूर्वक रक्तदानमा सहभागिता जनाएका थिए । कार्यक्रम रक्तसचार केन्द्र बुटवलको प्राविधिक सहयोगमा सम्पन्न भएको हो ।

आजभन्दा २५ वर्षअघि स्थापना भएको बुटवल हस्पिटल प्रा.लि.मा हाल करिब तीन सय कर्मचारी कार्यरत छन् । दक्ष जनशक्ति, अत्याधुनिक प्रविधियुक्त उपकरण तथा सुविधा सम्पन्न भौतिक संरचनाको संयोजनका कारण बिरामीहरूको उपचार सेवा प्रभावकारी र सहज बनेको छ ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com